का.जि.प्र.का.द.नं. १००/०५९/६०

१२ मंसिर २०८१,
बुधबार
26 November, 2024
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २२, अंक २७८ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

## लैंगिक हिंसाविरुद्धको अभियान

# सधैं जोखिममा महिला





महिला हिंसाका घटनालाई गम्भीर प्रकारको अपराधका रूपमा स्वीकार गरिए पनि महिला र पुरुषबीच रहेको असमान शक्ति सन्तुलन, महिलाको आर्थिक परनिर्भरता र कानुनको कमजोर कार्यान्वयन भइरहेसम्म यस किसिमका अपराधमा कमी आउँदैन

**कमला पराजुली**
*अध्यक्ष*
*राष्ट्रिय महिला आयोग*

**निमिष झा / मध्यान्ह**
काठमाडौं, ११ मंसिर ।

१७ वर्षको उमेरमा प्रेम विवाह गरेकी लमजुङकी ३० वर्षीया देवी परियार (नाम परिवर्तन)ले केही वर्षको अन्तरालमा ३ सन्तान जन्माइन् । चौथो बच्चा गर्भमा हुँदा श्रीमान्सँग सम्बन्ध विच्छेद भयो । अनेक मानसिक दबाबपछि उनी घरबाट निकालिइन् ।

आफ्नो भागी विवाहले बुबाको मन भाँचिएको थाहा पाए पनि उनी सौतेनी आमा भित्रिएको माइती पुगिन् । केही महिना बिताएपछि सानीआमाको शरण परिन् ।

गर्भावस्थाको पेटभन्दा गह्रौं मन बोकेर बाँचिरहेकी देवीले ठानेकी थिइन्- मेरो माया नभए पनि आफ्नो रगतको मायाले श्रीमान् लिन अवश्य आउँछन् । तर, त्यसो भएन । कहिलेकाहीँ घर पुग्थिन् तर हार्दिकता परको कुरा थियो ।

प्रेम गरेको मान्छे र छोराछोरीसँगको बिछोडले उनलाई बिचलित पार्दै लग्यो । त्यसमाथि गर्भावस्थामा भएका शारीरिक तथा मानसिक परिवर्तनबाट उनी झन् विक्षिप्त बनिन् ।

'बच्चा जन्मिँदासम्म म अर्कै भइसकेकी थिएँ । केही होस नै नभएको मान्छे जस्तो', आफ्नो भोगाइ बताउँदै गर्दा उनी हतास देखिइन् ।

दिनदिनै उनको स्वास्थ्य अवस्था बिग्रँदै गयो तर उनले आवश्यक उपचार पाइनन् । भावनात्मक साथ र सहयोग परको कुरा थियो उनका लागि । कुन मितिदेखि बेपरवाह सडकै सडक हिँड्न थालिन् भन्नेसमेत उनलाई हेक्का छैन ।

'भर्खर जन्मिएको बच्चा छाडेर घरमा र होटलहरूमा काम गर्न थालेँ', आफूले भोगेको उनले सुनाइन् ।

लमजुङको कुनै बसपार्क नजिकै होटलमा काम गर्थिन् उनी । होटलमा गाडीका चालक, सहचालक र यात्रुहरू खाना खान आउँथे । तीमध्ये एक जनाले रक्सीले मातिएर उनीसँग जबर्जस्ती गरे । उनी बलात्कृत भइन् ।

पेट बढ्दै गएपछि मानिसहरूले उनलाई लाञ्छना लगाउन थाले । केही गरी उनी काठमाडौं आइन् । माघ महिनाको कठ्यांग्रिँदो जाडोमा सडकमै पाँचौं सन्तान जन्माइन् । मनोसामाजिक समस्यासँग जुझिरहेकी उनको काखमा नवजात शिशु देखेपछि स्थानीयले प्रहरीलाई खबर गरे । प्रहरीले लमजुङकै मानव सेवा आश्रममा उनलाई बच्चासहित जिम्मा लगाइदियो ।

नेपाली महिलाले भोगिरहेको दुर्दान्त अवस्थाको एउटी प्रतिनिधिमूलक पात्र हुन् देवी परियार । उनी जस्ता हजारौं महिलाको अवस्था अहिले पनि जोखिमपूर्ण नै रहेको तथ्यांकहरूले देखाउँछ ।

नेपाली महिला हिंसाको उच्च जोखिममा छन् । संसारभरका ३५ प्रतिशत महिला घरेलु हिंसाबाट प्रभावित छन् । एक तथ्यांकअनुसार विश्वमा हरेक दिन १३७ जना »» पृष्ठ २ मा

## सामाजिक सुरक्षा कोष

# किन आकर्षित भएनन् निजी क्षेत्र ?

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, ११ मंसिर ।

सामाजिक सुरक्षा कोषमा योगदानकर्ता आबद्ध भएको ५ वर्ष समय बितिसक्दा पनि कोषमा निजी क्षेत्रको उत्साहजनक सहभागिता देखिएको छैन । कोषको सोमबारसम्मको तथ्यांकअनुसार कोषमा १९ हजार ७६९ वटा रोजगारदाता संस्था र ५ लाख ४३ हजार ४९१ जना स्वदेशी योगदानकर्ता मात्र आबद्ध भएका छन् ।

त्यस्तै, तथ्यांकअनुसार कोषमा सोमबारसम्म वैदेशिक रोजगारीमा जाने १२ लाख ५३ हजार ६१५ जना, अनौपचारिक क्षेत्रबाट ३०७ र स्वरोजगार क्षेत्रबाट २२७ जना योगदानकर्ता आबद्ध भएका छन् ।

राष्ट्रिय तथ्यांक कार्यालयको पछिल्लो श्रमशक्ति सर्वेक्षणअनुसार नेपालमा ७० लाख ८६ हजार जनसंख्या रोजगारीको क्षेत्रमा छन् । तीमध्ये औपचारिक क्षेत्रमा ८४ दशमलव ६ र अनौपचारिक क्षेत्रमा १५ दशमलव ४ प्रतिशत श्रमिकले काम काम गर्छन् ।

कोषको पछिल्लो तथ्यांकअनुसार नेपालमा रोजगारीको क्षेत्रमा रहेको कुल जनसंख्याको २५ दशमलव ३६ प्रतिशत मात्र कोषमा आबद्ध हुन आएका छन् । यो वैदेशिक रोजगारीमा २०८० चैत यता श्रम स्वीकृति लिएर गएका श्रमिकसहितको तथ्यांक हो । सोमबारसम्मको »» पृष्ठ २ मा

| | | | |
|---|---|---|---|
| १९७६९ सूचीकृत रोजगारदाता | १७९७६४० सूचीकृत योगदानकर्ता | ६८६८.९ करोड कुल योगदान रकम | ११६२.५६ करोड कुल दावी भुक्तानी रकम |
| औषधि उपचार, स्वास्थ्य तथा मातृत्व दावी रकम १४८.१७ करोड | दुर्घटना तथा अशक्तता सुरक्षा दावी रकम १५.२१ करोड | आश्रित परिवार सुरक्षा दावी रकम १८.५५ करोड | अवकाश दावी रकम ९८०.६४ करोड |

### 'सरकार र निजी क्षेत्रको सहकार्य भएन'

कोषमा निजी क्षेत्र अनिच्छुक भएको विषयमा निजी क्षेत्रका प्रतिनिधिहरूले विभिन्न धारणा व्यक्त गरेका छन् । मंगलबार कोषको सातौं वार्षिकोत्सव कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले सरकार र निजी क्षेत्रको सहकार्यमा कमी आउँदा पनि सामाजिक सुरक्षा कोषमा अपेक्षित नतिजा नदेखिएको बताएका थिए । »» पृष्ठ २ मा

# आलोचना गर्नेलाई दण्ड

पछिल्लो समय लुम्बिनी प्रदेश सांसद दुर्गा चौधरीले गत ७ मंसिरमा एमालेले काठमाडौंमा गरेको जागरणसभाको विरुद्धमा फेसबुकलगायत सामाजिक संजालमा विरोध गरेका थिए

**जानकी पाठक / मध्यान्ह**
काठमाडौं, ११ मंसिर ।



लुम्बिनी प्रदेश सांसद दुर्गा चौधरी पार्टी सदस्यबाट निलम्बनमा परेका छन् । उनलाई नेकपा एमालेले नेतृत्वको विषयमा तथ्यहीन कुरा गरेको आरोपसहित निलम्बन गरेको हो ।

एमाले बाँके जिल्ला अध्यक्ष निरक गुरुङले मंगलबार प्रदेश सांसद चौधरीलाई पार्टी सदस्यबाट निलम्बन गरेको पत्र प्रदेशसभा सचिवालयमा पठाएका छन् । उक्त पत्रको बोधार्थ पार्टीको केन्द्रिय कार्यालयमा पठाएको छ ।

स्पष्टीकरण सोध्दासमेत पार्टीविरुद्ध जवाफ दिएको पत्रमा उल्लेख छ । पत्रमा भनिएको छ, 'स्पष्टीकरणको जवाफ दिने सन्दर्भमा आफ्ना कमी कमजोरीप्रति महसुस गर्नुको साटो उल्टै पार्टी नेता, कार्यकर्ता र समग्र पार्टीका विरुद्धमा लिखित जवाफ दिनुभएको हुँदा तपाईंलाई पार्टी विधानको धारा ८१ (७) को अनुशासनको कारबाहीको व्यवस्थाअनुरूप पार्टी सदस्यताबाट निलम्बन गरिएको जानकारी गराउँदछु ।'

चौधरी २०७९ सालको चुनावमा बाँके क्षेत्र नम्बर- १ (ख) बाट लुम्बिनी प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए । चौधरीले प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओली र महासचिव शंकर पोखरेललक्षित तथ्यहीन विषय बोलेका नेताहरू बताउँछन् ।

यो विषय पत्रमै समेत उल्लेख गरिएको छ । अगाडि भनिएको छ, 'एमाले बाँकेले २०८१ कात्तिक ५ गतेका दिन पार्टीलाई हानि नोक्सानी पुऱ्याउने मनशायका साथ पार्टीका केन्द्रीय अध्यक्ष, महासचिवसमेतको मानहानि हुनेगरी पार्टीका मूल्य, मान्यताविपरीत सार्वजनिक रूपमा गाली गलौज गर्ने, समाजिक संजालमा, पार्टीका »» पृष्ठ २ मा

## आँखीझ्याल




सबै संघीय अस्पतालमा विद्युतीय हाजिरी अनिवार्य




विकासको मोडलमाथि बहस




'कार्साङ' दयाहाङ कि जितु ?




एनपीएलमा उत्कृष्ट हुने खेलाडीले गाडी पाउने

## वैदेशिक रोजगार विशेष

# 'विमानस्थलको भीड र रोदन देखाएर अतिरंजित नगरौं'



रोजगारीका लागि विदेश गएकाहरू करार अवधि सकिएपछि बिदामा स्वदेश फर्किन्छन्, आउने-जाने क्रम निरन्तर चलिरहेको छ । अतिरंजित गरेर तिललाई ताड र ताडको पहाड बनाउनु आवश्यक छैन

**केपी शर्मा ओली**
प्रधानमन्त्री

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ मंसिर ।

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली युवायुवती वैदेशिक रोजगारीमा जाने कुरा स्वाभाविक विषय भन्दै विमानस्थलमा उनीहरूको भीड र रोदन देखाएर अतिरंजित गरिएको टिप्पणी गरेका छन् । सातौं सामाजिक »» पृष्ठ २ मा

### माल्टामा संचालन हुने घुम्ती शिविर स्थगित

**भरत प्रधान / मध्यान्ह**
लिस्बन, ११ मंसिर ।

माल्टामा संचालन हुने घुम्ती शिविर स्थगन गरिएको छ । राहदानी प्रणालीमा प्राविधिक समस्या उत्पन्न भएको जनाउँदै माल्टामा हुने घुम्ती शिविर स्थगन गरिएको स्पेनस्थित नेपाली दूतावासले जनाएको छ । माल्टाको बिरकिरकारामा यही १५ देखि १९ मंसिरसम्म शिविर संचालन गरिने तयारी गरिएको थियो । यसअघि राहदानी नवीकरणलगायत कागजात »» पृष्ठ २ मा

APPAREL GROUP
EXCEED EXPECTATIONS EVERYDAY

Free Visa, Free Ticket सहित (मासिक १ लाख ६० हजार भन्दा माथी तलब)
बहराइनको बहुचर्चित APPAREL कम्पनीमा रोजगार

कम्पनी :BAHRAIN APPAREL TRADING W.L.L , शहर : Bahrain | पूर्व स्वीकृत मितिः २०८१/०८/११ | चलानी नं.:६०२२८७०३ | LT. No.:314398

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASST. STORE MANAGER | 5 | 5 | सम्बन्धित काममा दक्ष | 400 | १४२,७९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | SALES ASSOCIATE | 10 | 20 | | 200 | ७१,३९६ | | | | | | | |
| 3. | STOCK CONTROLLER CLERK | 0 | 10 | | 180 | ६४,२५६ | | | | | | | |
| 4. | STORE MANAGER/RETAIL | 5 | 5 | | 450 | १६०,६४१ | | | | | | | |
| 5. | VISUAL MERCHANDISERS-FURNITURE DIVISION | 5 | 5 | | 350 | १२४,९४३ | | | | | | | |

कम्पनी :R&B FASHION BAHRAIN W.L.L. , शहर : Bahrain | पूर्व स्वीकृत मितिः २०८१/०८/११ | चलानी नं.:६०२२८७०४ | LT. No.: 314397

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASST. STORE MANAGER | 1 | 1 | सम्बन्धित काममा दक्ष | 400 | १४२,७९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | |
| 2. | SALES ASSOCIATE | 10 | 20 | | 200 | ७१,३९६ | | | | | | | |
| 3. | STOCK CONTROLLER CLERK | 0 | 5 | | 180 | ६४,२५६ | | | | | | | |
| 4. | STORE MANAGER/RETAIL | 2 | 2 | | 450 | १६०,६४१ | | | | | | | |
| 5. | VISUAL MERCHANDISERS-FURNITURE DIVISION | 3 | 3 | | 350 | १२४,९४३ | | | | | | | |

प्रि अन्तरवार्ता धमाधम भैरहेको छ ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १९ गते 4 December 2024) मा हुनेछ ।
नोट : सम्बन्धित काममा दक्ष हुनुपर्नेछ । अंग्रेजी राम्रोसँग बोल्न र लेख्न जान्ने हुनुपर्नेछ ।
उमेर २१ देखि ३५ वर्ष सम्मको हुनुपर्नेछ । अन्तरवार्तामा आउँदा Formal Uniform मा आउनुपर्ने छ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Empower Huntr H.R. Solution Pvt. Ltd.
(साबिक Empower Human Resources Management Pvt. Ltd)
Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Hope Hospital, Kathmandu, Nepal, Tel.: 01-4560541, 01-4588265
Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057, 9847751037
9813657032 | 9851049746 | 9806080426, 9823040845 Email: empowerhrnepal@gmail.com
Jhapa Branch : 023-535323 | Chitwan Branch : 9855016639 | Butwal Branch : 9851178901

# आर्थिक कूटनीतिलाई प्राथमिकतामा राख्न परराष्ट्रमन्त्रीको आग्रह

**काठमाडौं/मस–** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले आर्थिक कूटनीतिलाई प्राथमिकतामा राखी यसको विस्तार एवं प्रवर्द्धन गर्न नेपालका नवनियुक्त राजदूत एवं निर्यात व्यवसायीहरूलाई आग्रह गरेकी छन् ।

नेपाल सरकारद्वारा हालै नियुक्त राजदूतहरू तथा नेपालका निर्यात व्यवसायीहरूसँग मंगलबार परराष्ट्र मन्त्रालयमा भएको अन्तरक्रियामा उनले मुलुकको विकास र राष्ट्रिय समृद्धिको आकांक्षालाई परिपूर्ति गर्न परराष्ट्र मन्त्रालयले नीतिगत रूपमा नै आर्थिक कूटनीतिलाई समग्र कूटनीतिको प्राथमिकतामा राखेको जानकारी गराउँदै आर्थिक कूटनीतिको प्रवर्द्धनमा लाग्न आग्रह गरेकी हुन् ।



मन्त्री डा राणाले भनिन्, 'विविध कारणले नेपाली अर्थतन्त्रले अपेक्षित गति लिन नसकिरहेको वर्तमान अवस्थामा विदेशस्थित सबै नेपाली मिसनहरूले आर्थिक कूटनीति प्रवर्द्धन गर्नुपर्ने जरूरी देखिएको छ । आफू रहेका देशबाट नेपालमा लगानी आकर्षित गर्दै यहाँका सम्भावनाहरूलाई उजागर गरी निर्यात प्रवर्द्धनमा लाग्नुहोला ।'

उनले नियोगमार्फत हुने आर्थिक कूटनीतिका कार्यक्रमहरूलाई प्रभावकारी र परिणाममुखी बनाउन आग्रह गर्दै यसका लागि नियोगमा पर्याप्त स्रोत साधन एवं जनशक्तिको समेत अभाव रहेकाले यसको वृद्धि गर्नेतर्फ आफू लाग्ने प्रतिबद्धता पनि व्यक्त गरिन् ।

मन्त्री डा राणाले परराष्ट्र मन्त्रालयका लागि तत्काले आवश्यक रहेको थप जनशक्ति परिपूर्ति गर्न हालै संगठन तथा व्यवस्थापन सर्भे गरिएको र थपिएको सो जनशक्तिले परराष्ट्र मन्त्रालय र नियोगको कार्यसम्पादनमा चुस्तता र प्रभावकारिता ल्याउने अपेक्षा गरिएको पनि बताइन् ।

नेपालका निर्यात व्यवसायी एवं उद्यमीहरूले आफ्ना उत्पादनहरूलाई विदेशी बजारमा प्रतिस्पर्धा गर्न सक्नेगरी 'प्याकेजिङ' गर्नुपर्ने उनको सुझाव थियो । मन्त्री डा राणाले विदेशी बजारमा नेपाली उत्पादनको विशिष्ट पहिचान रहेकाले माग पनि हुने गरेको भन्दै स्तरीय 'प्याकेजिङ' सहित निर्यात गर्न सुझाव दिइन् । मन्त्री डा. राणाले आफ्ना उत्पादनको निर्यातका क्रममा कुनै समस्या भएमा नेपाली मिसनहरूका साथै परराष्ट्र मन्त्रालयसँग समन्वय गर्न निर्यातकर्ताहरूलाई आग्रह गरेकी थिइन् ।

# ठगी आरोपमा ३ जना पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा रकम ठगी गरेको अभियोगमा ३ जना पक्राउ परेका छन् । विभिन्न देशमा पठाइदिने भनी सर्वसाधारणबाट रकम असुल गरी सम्पर्कविहीन भएका धनुषाको मिथिला नगरपालिका-९ का ४१ वर्षीय रविन कोइराला, धादिङको सिद्धलेक गाउँपालिका-७ आदमटारका ३६ वर्षीय पदमबहादुर भुजेल र झापा बाह्रदर्शी गाउँपालिका- ३ का ४१ वर्षीय कार्तिकलाल राजवंशी पक्राउ परेका हुन् ।

रविनले १ लाख, पदमले ३ र कार्तिकले ७ लाख ७० हजार रुपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले उनीहरूलाई काठमाडौंका विभिन्न स्थानबाट पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए ।

**सधैं...**

महिला आफ्नै परिवारका सदस्यबाट हिंसामा पर्छिन् । विश्व स्वास्थ्य संगठनका अनुसार प्रत्येक ३ मध्ये १ महिलाले आफ्नो जीवनमा कुनै न कुनै प्रकारको हिंसा भोगेकै हुन्छन् ।

नेपाल प्रहरीका अनुसार त्यहाँ आएका उजुरीमध्ये सबैभन्दा धेरै घरेलु हिंसाकै छन् । 'यो तथ्यांकले हिंसा सहन हुन्न भन्ने चेतना महिलामा बढेको अनुमान गर्न सकिन्छ । यद्यपि, हिंसाको चरम अवस्थामा पुगेपछि मात्र पीडित प्रहरीकहाँ पुग्ने गरेको यथार्थ भने जगजाहेर छ', राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुलीले मध्यान्हसँग भनिन् ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले यस वर्ष वैशाखमा प्रकाशन गरेको 'नेपालमा लैंगिक समानता तथ्य र तथ्यांक'का अनुसार एउटी महिला जीवनकालमा एक न एकचोटि हिंसामा पर्ने गरेकी छन् । तथ्यांकअनुसार अझै पनि ७९ दशमलव ८ प्रतिशत महिला हिंसामा पर्ने गरेका छन् ।

सोमबारदेखि राष्ट्रिय नाराका साथ ३३औं अन्तर्राष्ट्रिय लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु भएको छ । यस पटक अभियानको नारा 'हामी सबैको प्रतिबद्धता : लैंगिक हिंसा अन्त्यका लागि अभियान' छ ।

लैंगिक रूपमा हुने हिंसा नियन्त्रणका लागि विश्वव्यापी अभियानको रूपमा लिइने यो दिवस १० मंसिरदेखि सुरु भएर २५ मंसिर अर्थात् २५ नोभेम्बरदेखि १० डिसेम्बरसम्म चल्ने छ । संयुक्त राष्ट्रसंघको महासभाले महिला हिंसा निर्मूलसम्बन्धी अन्तर्राष्ट्रिय दिवस विश्वभर मनाउने निर्णय गरेबमोजिम नेपालमा २०५४ सालदेखि यो अभियान सुरु भएको हो ।

कुल जनसंख्याको आधाभन्दा बढी हिस्साको प्रतिनिधित्व महिलाले गरे पनि अझै अधिकांश महिलाले समान व्यवहार, सम्मानजनक एवं स्वतन्त्र जीवन पाउन सकिरहेका छैनन् ।

'महिला हिंसाका घटनालाई गम्भीर प्रकारको अपराधका रूपमा स्वीकार गरिए पनि महिला र पुरुषबीच रहेको असमान शक्ति सन्तुलन, महिलाको आर्थिक परनिर्भरता र कानुनको कमजोर कार्यान्वयन भइरहेसम्म यस किसिमका अपराधमा कमी आउँदैन', अध्यक्ष पराजुलीले भनिन्, 'यद्यपि, सरोकारवालाको संयुक्त प्रयास र कानुनको प्रभावकारी कार्यान्वयनले यस्ता घटनालाई न्यूनीकरण गर्न अवश्य सकिन्छ ।'

महिला अभियानवादीहरू महिलामाथि हुने हिंसा महिला मात्रैको सवाल र समस्या नरहेको बताउँछन् । 'यो राष्ट्रिय र राजनीतिक सवालको रूपमा स्थापित हुन जरुरी छ । महिलामाथि भइरहेको हिंसाको वास्तविक कारण र यथार्थलाई बुझ्न समाजमा चेतना जगाउन जरुरी छ', ओरेक नेपालका संस्थापक अध्यक्ष डा. रेणुराज भण्डारीले भनिन् ।

महिलामाथि हुने हिंसा रोकथाम गर्न सरकारकै तर्फबाट भएका प्रयास कम भएको कतिपयको भनाइ छ । संसद्ले पनि महिला हिंसा न्यूनीकरण गर्न, हिंसामा परेका महिलाहरूलाई सहयोग गर्न र बलात्कार जस्ता जघन्य अपराधबाट पीडित बालिकाहरूको व्यक्तित्व विकासका लागि पहल गर्नेसहितका विषय समेटिएको संकल्प प्रस्ताव पारित गरेको छ । तर, यसको कार्यान्वयन पक्ष फितलो छ ।

नेपालको संविधान, २०७२ को धारा ३७ मा मौलिक हकका रूपमा महिला हक उल्लेख छ । २०७८ सालको जनगणनाअनुसार महिलाको साक्षरता प्रतिशत ६९ दशमलव ४ छ । 'यसो हेर्दा महिलाको अवस्थामा केही सुधार देखिए पनि दुर्गम भेगतिर उनीहरूमाथि हुने हिंसा र विभेद ज्युँका त्युँ छन्', भण्डारीले बताइन् ।

नेपालमा कुल जनसंख्याको झन्डै ५२ प्रतिशत महिला छन् । जनसंख्यामा धेरै प्रतिशत रहे पनि व्यावहारिक काममा उनीहरू अझै पछाडि परेका तथ्यांक छ ।

'समयसमयमा महिलाका हक अधिकारको निकै चर्चा हुने गरेको छ । संविधानले महिलालाई विभिन्न अधिकार दिएको पनि छ । यति हुँदाहुँदै पनि व्यावहारिक पक्षमा उनीहरू पछाडि नै छुटेका छन्', महिला अधिकारकर्मी रीता साहले भनिन् । उनका अनुसार महिलामाथि हुने हिंसाको ग्राफ बढ्न्का साथै प्रकृति र प्रवृत्ति पनि बढिरहेको छ । राज्य र समाज पितृसत्तात्मक सोच र संरचना भएका कारण यस्ता प्रकारका हिंसा बढेको उनले बताइन् ।

अभियानकर्मी साहले महिला हिंसाविरुद्ध नेपालमा कानुन कडा भए पनि यसको कार्यान्वयन पक्ष फितलो रहेको तथा झन्झटिलो र खर्चिलो भएको पनि बताइन् ।

**किन...**

तथ्यांकअनुसार कोषमा योगदानबापतको ६८ अर्ब ६८ करोड रकम जम्मा गरेको छ भने ११ अर्ब ६२ करोड रुपैयाँ दाबी भुक्तानी गरेको छ । दाबी भुक्तानीमध्येको ठूलो हिस्सा ९ अर्ब ८० करोड ६३ लाख ७५ हजार ७३८ रुपैयाँ वृद्ध अवस्था सुरक्षा योजनामा भुक्तानी भएको छ । यसले सामाजिक सुरक्षा कोषको महत्त्वपूर्ण आवश्यकतालाई समेत देखाएको छ ।

तर, प्रथम आर्थिक गणना, २०७५ अनुसार नेपालमा ९ लाख २३ हजार ३५६ वटा उद्यम गर्ने प्रतिष्ठान रहेकामा कोषमा कुल प्रतिष्ठानको जम्मा २ दशमलव १४ प्रतिशत मात्र आबद्ध भएका छन् । यस तथ्यांकले निजी क्षेत्र तथा प्रतिष्ठानले कोषमा आबद्ध हुने विषयमा अनिच्छा देखाएको स्पष्ट हुन्छ ।

**निजी...**

कार्यक्रममा बोल्दै उनले निजी क्षेत्रलाई प्राथमिकता नदिँदा खोजेको नतिजा प्राप्त हुन नसक्ने बताए । '८५ प्रतिशतभन्दा बढी रोजगारी दिने निजी क्षेत्रलाई प्राथमिकता नदिएको जस्तो देखिन्छ । यसलाई अलिकति परिवर्तन गरिएन भने हामीले ल्याउन खोजेको नतिजा प्राप्त नहुन पनि सक्छ', उनले भने ।

त्यस्तै, नेपाल चेम्बर अफ कर्मसका अध्यक्ष कमलेश अग्रवालले सामाजिक सुरक्षा कोषमा आबद्ध हुँदा अनिवार्य निवृत्तिभरण व्यवस्थाले अधिकांशको आकर्षण नदेखिएको बताए । उनले निवृत्तिभरणलाई अनिवार्य नगर्ने हो भने थप आकर्षण बढ्ने उनले दाबी गरे ।

'दाबी भुक्तानीको तथ्यांक हेर्दा यो संस्था आवश्यक हो भन्ने देखिन्छ तर यसमा धेरै संस्थाहरू अझै पनि आबद्ध हुन सकेका देखिँदैन', अग्रवालले भने, 'अनिवार्य निवृत्तिभरणले यो कोषमा आकर्षण देखिएको छैन ।'

**आलोचना...**

नेता, कार्यकर्तालाई खुइल्याउने, पार्टीका विरुद्धमा समाचार लेख्नेजस्ता गतिविधि निरन्तर गर्नुभएका कारण तपाईंलाई विधानको धारा ८ को (३) र (४) बमोजिम स्पष्टीकरण सोध्ने काम भयो ।'

स्पष्टीकरणको जवाफ चित्तबुझ्दो नरहेको भन्दै पार्टी सदस्यताबाट निलम्बन गरिएको हो । पार्टी सदस्यबाट निलम्बनमा परेका चौधरी यसअघि एमाले लुम्बिनी प्रदेश कमिटीका उपसचिव थिए । पार्टीको नीतिविपरीत गतिविधि गरेको भन्दै उनलाई प्रदेश कमिटीबाट हटाइएको थियो ।

नेताहरूका अनुसार पछिल्लो समय चौधरीले ७ मंसिरमा एमालेले काठमाडौंमा गरेको जागरणसभाको विरुद्ध फेसबुकलगायत सामाजिक संजालमा विरोध गरेका थिए । उक्त विरोध पार्टीको नीतिविपरीत रहेको, एमाले अध्यक्ष ओली र महासचिव पोखरेलको मानहानि भएको भन्दै कारबाही गरिएको छ ।

**विमानस्थलको...**

सुरक्षा दिवसको अवसरमा मंगलबार राजधानीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले विमानस्थलको तस्बिर देखाएर अतिरंजित गरिनु आवश्यक नभएको बताए ।

'रोजगारीका लागि विदेश गएकाहरू करार अवधि सकिएपछि बिदामा स्वदेश फर्किन्छन्, आउने-जाने क्रम निरन्तर चलिरहेको छ । तर, यहाँ त विदेश जानेहरूको मात्र भीड देखाइने गरिएको छ', प्रधानमन्त्री ओलीले भने, 'अतिरंजित गरेर तिलको पहाड बनाइएको छ । तिललाई ताड र ताडको पहाड बनाउनु आवश्यक छैन ।'

कार्यक्रममा प्रधानमन्त्री ओलीले वैदेशिक रोजगारीमा रहेका नेपालीलाई सुरक्षित बनाउन सामाजिक सुरक्षाको दायरालाई विस्तार गरिने घोषणा गरे । सामाजिक सुरक्षा कोषद्वारा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले आगामी ९० दिनपछि योगदानकर्ताका छोराछोरी पनि कोषबाट लाभान्वित हुने र १ लाख रुपैयाँभन्दा बढी उपचार खर्च लाग्ने योगदानकर्तालाई कुल खर्चको ५० प्रतिशत कोषबाट बेहोरिने उल्लेख गरे । प्रधानमन्त्री ओलीले संविधानमा भएको मौलिक हकका व्यवस्था र दायित्वप्रति सरकार जिम्मेवार र जबाफदेही हुने बताउँदै मुलुकलाई समृद्ध बनाउन सरकार क्रियाशील रहेको दाबी गरे ।

ओलीले कोषअन्तर्गत बढी योगदानकर्ता र सेवा प्रदायक व्यक्ति र संस्थालाई पुरस्कार प्रदान गरे ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले सामाजिक सुरक्षा योजना कार्यान्वयनका जटिलता अन्त्य गर्न मन्त्रालयले कोषका योजनालाई समय सापेक्ष बनाउन बाधक नीतिगत तथा कानुनी विषय निरूपण गर्न लागिपरेको भन्दै श्रमिकको जीवनमा आइपर्ने 'कोखदेखि शोकसम्म'का अप्ठ्यारामा सामाजिक सुरक्षा कोषले आर्थिक दायित्व वहन गर्दै आइरहेको बताए ।

सरकारी सेवामा रहेका अस्थायी र करारका कर्मचारीलाई कोषमा आबद्ध गराउन अर्थ मन्त्रालयसँग परामर्श भइरहेको जानकारी दिँदै मन्त्री भण्डारीले उनीहरूलाई देखाएर निजी क्षेत्रले आफ्ना श्रमिकलाई कोषमा आबद्ध गर्न ढिलो गर्न नहुने बताए ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सबै श्रमिकलाई सामाजिक सुरक्षा अभियानमा आबद्ध गराई उनीहरूको आर्थिक तथा सामाजिक जोखिम घटाउनेतर्फ कोषका कार्यक्रम लक्षित रहेको जानकारी दिए । आगामी दिनमा औपचारिक क्षेत्रका सबै श्रमिकलाई कोषमा आबद्ध गराउन सुझाव दिँदै मन्त्री पौडेलले औपचारिक, अनौपचारिक, स्वरोजगार तथा वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा योजनामा समेट्नु सराहनीय भएको बताए ।

मन्त्री पौडेलले अन्तर्राष्ट्रिय श्रम संगनठले सिफारिस गरेका सबै सुविधा श्रमिकलाई दिइनुपर्नेमा जोड दिए । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष शिवराज अधिकारीले श्रमिकका जीवनमा आइपर्ने जोखिम कम गर्न योगदानमा आधारित सामाजिक सुरक्षा योजनाले मद्दत गरेको बताए ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले करिब ८५ प्रतिशत रोजगारी निजी क्षेत्रले उपलब्ध गराएको जनाउँदै निजी क्षेत्रलाई सरकारले प्रोत्साहन गर्न आवश्यक भएको बताए । अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)का नेपाल निर्देशक नुमन ओज्कानले सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयनमा राष्ट्रसंघीय निकायहरूबाट सहयोग निरन्तर रहने जानकारी दिए । नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले सामाजिक सुरक्षा कोषलगायत अन्य क्षेत्रमा जम्मा भएको रकम उत्पादनशील क्षेत्रमा परिचालन गर्न सुझाव दिए ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले कोषमा जम्मा भएको रकमको १७ प्रतिशत दाबी भुक्तानी हुनुले श्रमिकको सुरक्षाका लागि सामाजिक सुरक्षा अत्यावश्यक रहेछ भन्ने पुष्टि भएको बताए । संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटीयूसीसी)का अध्यक्ष योगेन्द्रकुमार कुँवरले सामाजिक सुरक्षामा श्रमिकको सहभागिता वृद्धि गर्न नीतिगत अस्पष्टतालाई हल गरेर जानुपर्नेमा जोड दिए ।

गैरआवासीय नेपाली संघ (एनआरएनए)का अध्यक्ष बद्री केसीले वैदेशिक रोजगारीमा रहेका सम्पूर्ण श्रमिकलाई कोषमा समेट्न अभियान नै चलाउनुपर्नेमा जोड दिए । कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले सामाजिक सुरक्षा योजनामा सबैको सहभागिता सुनिश्चित गर्ने तथा उद्योग प्रतिष्ठानमा श्रमिकका सुरक्षा र स्थायित्व कायम गर्दै औद्योगिक शान्ति, उत्पादकत्व वृद्धि, वैदेशिक रोजगारमा गएका श्रमिक र तिनका परिवारको सुरक्षाका लागि सम्बद्ध सबै पक्षको सहयोग आवश्यक रहेको बताए ।

**माल्टामा...**

प्रमाणीकरणसम्बन्धी कन्सुलर सेवा दिन राहदानी विभाग काठमाडौं र स्पेनस्थित नेपाली दूतावासको संयुक्त टोली माल्टा जाने तय भएको थियो ।

प्राविधिक समस्याका कारण राहदानीसम्बन्धी सेवा अवरुद्ध भएकाले हालका लागि माल्टामा संचालन गर्न लागिएको घुम्ती सेवा स्थगन गरिएको स्पेनका लागि कार्यबाहक नेपाली राजदूत यज्ञराज पौड्यालले जानकारी दिए । राहदानी प्रणालीमा देखिएको समस्या समाधान हुनासाथ घुम्ती सेवा शिविर संचालन गरिने उनले बताए ।

## तपाईंको राशिफल

मेष : जीवनसाथीको सहयोग प्राप्त हुने छ । सम्मानमा वृद्धि हुने छ ।

वृष : विद्यार्थीहरूका लागि समय अनुकूल छ । खर्चमाथि नियन्त्रण राख्नु होला ।

मिथुन : राजनीतिक कार्य सफल हुने छ । उत्साहमा वृद्धि हुने योग छ ।

कर्कट : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । आहारमा ध्यान दिनु होला ।

सिंह : आध्यात्मिक कार्यहरूमा रुचि बढ्ने छ । मांगलिक कार्य हुने योग छ ।

कन्या : रोजगारमा वृद्धि हुने छ । जोखिम भएको कार्यमा नोक्सानीको योग छ ।

तुला : विनम्रतासित कार्य गर्नु राम्रो हुने छ । शुभकार्यमा खर्च हुने योग छ ।

वृश्चिक : शत्रु कमजोर रहने छन् । सबै कार्यमा लाभको योग छ ।

धनु : प्रसन्नतामा वृद्धि हुने योग छ । यात्राका लागि समय उत्तम छ ।

मकर : राजनीतिक सहयोग प्राप्त हुने छ । शुभसन्देश प्राप्त हुने योग छ ।

कुम्भ : वाणी संयम जरुरी छ । पारिवारिक उल्झनले अशान्ति पैदा गर्ने छ ।

मीन : जोखिम भएको कार्य गर्न मिल्दैन । शत्रु परास्त हुने छन् ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*



## Bhairabi Rural Municipality
## Office of Rural Municipal Executive
**Bhairikalikathum, Dailekh**

**Date of publication: 2081/08/12 (27-Nov-2024)**

1. Bhairabi Rural Municipality office invites electronic bids from Nepalese eligible bidders for the following Project Under tender procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bhairabi Rural Municipality Bhairikalikathum, Dailekh phone no 9858068668 email bhairabimun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Eligible Bidder Must be Submission of a written application, along with the copy of company/firm registration certificate, Business Registration Certificate, Declaration letter, letter of bid Through PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders should deposit the cost of bidding document of NRs.3,000.00(Three thousand Rupees Only) in the Project's Rajaswa(revenue) account as specified below and Scanned copy (pdf format) of the bank deposit voucher should be uploaded by the bidder atthe time of electronic submission of the bid.
5. Information to deposit the cost of bidding document in Bank:
   **Name of office : Bhairabi Rural Municipality Bhairikalikathu Dailekh.**
   **Name of Bank : Himalayan Bank ltd. Bhairabi Dailekh Branch.**
   **Bank Account No : 26550739280107**
   **Office Code No : 14229**
6. Pre-bid meeting shall be hels at Bhairabi Rural Municipality, Dailekh Karnali Provience Nepal at 2080/08/30_ 13:00 hours.
7. Electronic bids must be submitted to the office Bhairabi Rural Municipality through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hrs. 2081/09/12(27-Dec-2024) Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hrs 2081/09/12 (27-Dec-2024)at the office of Bhairabi Rural Municipality Bhairikakikathum Dailekh. Bids must be valid for a period o90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in caseof e-bid, amounting to a minimum of Below Mentioned which shall be valid for 30 days beyond the validity period of the bid security inthe form of cash should be deposited (Dharauti) Account as 26550739280093 at Himalayan Bank ltd. Branch office Bhairabi 4 Silangi Dailekh.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N. | Contract Id. No. | Name ofProject | Cost Estimate (Exclusive Vat and contengencies) NRs. | Bid Security Amount (NRs) | Deadline for Bidsubmission Date and time | Bid Opening Date and Time | Bid Document Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| 1. | BRM/NCB/ WORKS/ 2081/082-01 | Upgrading work on bajthala gairakhadi kaina masthathan sadak | 8656896.94 | 212000 | 2081/09/12 (27-Dec-2024) 12:00 hrs. | 2081/09/12 (27-Dec-2024) 13:00 hrs. | 3,000 |

**Chief Administrative officer**

# सबै संघीय अस्पतालमा विद्युतीय हाजिरी अनिवार्य

**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सबै संघीय अस्पताललाई विद्युतीय हाजिरी अनिवार्य गर्न परिपत्र गरेको छ । कतिपय सरकारी अस्पतालमा कार्यालय समयमा चिकित्सक उपलब्ध नहुने गुनासो आएपछि विद्युतीय हाजिरीमार्फत रेकर्ड राख्ने व्यवस्था मिलाउन मन्त्रालयले परिपत्र गरेको हो । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले कार्यालय समयमा चिकित्सक बाहिर भेटिने समस्या अन्त्य गर्न विद्युतीय हाजिरी अनिवार्य गरेर कडाइ गर्न मातहतका कर्मचारीलाई भनेका थिए ।

त्यसलगत्तै मन्त्रालयअर्न्तगतको गुणस्तर मापन तथा नियमन महाशाखाले २४ वटा संघीय अस्पताललाई विद्युतीय हाजिरी अनिवार्य व्यवस्था गरेर सोको



जानकारी पठाउन पत्राचार गरेको हो । मन्त्रालयले विद्युतीय हाजिरी राखिएपश्चात् समयमा चिकित्सक उपलब्ध भए नभएको अनुगमनसमेत थाल्ने भएको छ ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले कार्यालय समयमा चिकित्सक तथा स्वास्थ्य कर्मचारी नभएका गुनासा सम्बोधन गर्न हाजिरीलाई विद्युतीय बनाउने निर्णय भएको बताए । 'हामीले सबै सङ्घीय अस्पताललाई विद्युतीय हाजिरी व्यवस्था अनिवार्य गर्न भनेका छौं,' उनले भने, 'त्यसपछि अनुगमन गर्दा नभएको पाइएमा कारबाही हुनेछ ।'

मन्त्रालयले केही दिनअघि औषधिको मूल्य सबैले देख्ने गरी सार्वजनिक गर्न सबै संघीय अस्पताल तथा मेडिकल कलेजलाई पत्राचार गरेको थियो । दुई साताभित्र सार्वजनिक गर्नका लागि मन्त्रालयले पत्राचार गरेको थियो । यसको समेत अनुगमन गर्ने तयारी मन्त्रालयले गरेको प्रवक्ता बुढाथोकीले बताए ।

# विद्यार्थी घटेपछि बागलुङका १० विद्यालय बन्द

**बागलुङ/मस-** विद्यार्थी संख्या न्यून भएपछि यहाँको जैमिनी नगरपालिकाका १० विद्यालय बन्द गरिएका छन् । नगरपालिकाले तत्कालै पाँच विद्यालय बन्द गर्ने निर्णय गरेको छभने बाँकी पाँच विद्यालय आगामी शैक्षिक सत्रदेखि बन्द गर्नेगरी समायोजन गरेको छ। पाँच विद्यालयका शिक्षक दरबन्दी अन्यत्र मिलान गरिएको छ। पाँच विद्यालयमा एकजना मात्रै दरबन्दी कायम गरिएको छ ।

नगरपालिकाले विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यान्वयन निर्देशिका २०८० अनुसार आगामी शैक्षिक सत्रदेखि लागू हुनेगरी पाँचवटा विद्यालय समायोजन गर्ने निर्णय गरेको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले जानकारी दिए ।



शर्माले विद्यार्थी नभएका विद्यालयमा दरबन्दी रहने र विद्यार्थी धेरै भएको स्थानमा शिक्षक अभाव हुने अवस्थाको अन्त्य गर्न समायोजन गरिएको बताउनुभयो। तत्काल बन्द भएका विद्यालय प्राथमिक तहका हुन् । चारजना भन्दा थोरै विद्यार्थी भएका पाँच प्राथमिक विद्यालय बन्द गरेर ११ शिक्षक दरबन्दी अन्य विद्यालयमा मिलान गरिएको छ ।

बन्द हुने विद्यालयमा जनज्योति प्रावि, जनभावना प्रावि दमेक, टारा ज्योति प्रावि छिस्ती, क्वाङ्गदी प्रावि, छिस्ती र सर्वोदय प्रावि सकुर्वा रहेका छन् । जसमध्ये सर्वोदय प्रावि र टारा ज्योति प्रावि छिस्तीमा विद्यार्थी संख्या शून्य थियो । अन्य तीन विद्यालयमा विद्यार्थी संख्या चारजना भन्दा कम भएपछि विद्यालय बन्द गरी समायोजन गरिएको हो ।

शिक्षा समितिको सिफारिसमा पाँच प्राथमिक विद्यालयलाई आगामी वर्ष समायोजन गर्ने गरी एकजना मात्रै दरबन्दी कायम गरिएको नगर शिक्षा अधिकारी खेमप्रसाद आचार्यले जानकारी दिए ।

# अर्घाखाँची जेसिजको सम्भाव्यता अध्ययन

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ११ मंसिर

सम्भावित अर्घाखाँची जेसीजको सम्भाव्यता अध्ययन गरिएको छ। बुटवल जेसीजको आयोजनमा अर्घाखाँचीमा स्थापना हुन लागेको अर्घाखाँची जेसीजको आवश्यकता र सम्भाव्यता सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सन्धिखर्कमा सम्पन्न भएको हो ।

कार्यक्रममा बोल्दै सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले समग्र समाजको सकारात्मक विकास र युवाहरुको नेतृत्व विकासका लागि जेसीज महत्वपूर्ण संस्था भएको बताए । व्यक्तिगत विकास मात्र नभइ समग्र समाजको विकासमा लाग्न जेसीज माध्यम भएको श्रेष्ठले उल्लेख्य गरे ।

उनले जेसीजको माध्यमबाट नगरको समृद्धिमा लाग्नुपर्ने भन्दै जेसीजको महत्व बुझेर लाग्न युवाहरुलाई अनुरोध गरे । हरेक तहका सरकारको सुशासनका लागि सकारात्मक रुपमा खबरदारी गर्नुपर्ने




जिम्मेवारी युवाहरुको रहेको भन्दै समुन्नत र अनुशासित समाजको आवश्यकता अहिलेको महत्वपूर्ण उपलब्धि भएको श्रेष्ठको भनाइ छ । अर्घाखाँचीमा स्थापना हुन लागेको अर्घाखाँची जेसीजसँग सहकार्य गरेर नगरको विकासमा लाग्ने बताउँदै स्थानीय सरकार अविभावकको रुपमा रहने प्रतिबद्धता नगरप्रमुख श्रेष्ठले व्यक्त गरे ।

उनले युवाहरुको नेतृत्व र व्यक्तित्व विकाससँगै युवाले गरेका गतिविधिलाई चिनाउन जेसीजले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । युवाहरुलाई उद्यमी र व्यवसायी बन्न सिकाई समाजको विकाससँगै नेतृत्व गर्न जेसिसले सिकाउने भएकाले जेसीज स्थापना गर्नुपर्ने आवश्यकता रहेको जिकिर गरे । कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसालले झण्डाको राजनीति नभइ सबैलाई समान अवसर प्रदान गर्ने युवाहरुको अन्तर्राष्ट्रिय संस्था जेसीज भएकाले यो संस्थाको विकासका लागि नगरपालिका लागि पर्ने बताए । साथै प्रस्तावित अर्घाखाँची जेसीजलाई चाँडै नै अर्घाखाँची जेसीज बनाउने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा जेसिज २०२४ का राष्ट्रिय उपाध्यक्ष गणेश सापकोटाले जेसीजले समाजको नेतृत्वसँगै विकासको संवाहक बनेर काम गर्ने बताए । कार्यक्रममा सन्धिखर्क नगरपालिका वडा नं. १ का वडाध्यक्ष माधव श्रेष्ठले समय र उमेरसँगै हरेक युवाहरुको मस्तिष्कको विकास हुन जरुरी रहेको भन्दै समय समपेक्ष विकासमा लाग्न युवाहरु सक्रिय जेसिजले अर्घाखाँचीको विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताए । कार्यक्रममा भूमिकास्थान नगरपालिका वडा नं.८ का अध्यक्ष राजकुमार श्रेष्ठले पछिल्लो समय युवाहरुमा नकारात्मक प्रभावसँगै हरेक क्षेत्रमा वितृष्णा पैदा भएको बताए । उनले सकारात्मक सोंच र प्रवृत्तिको विकासका लागि जेसीजले भूमिका खेल्ने विश्वास व्यक्त गरे । कार्यक्रममा बुटवल जेसीज वर्ष २०२४ का अध्यक्ष बिनोद घिमिरेले सम्भावित अर्घाखाँची जेसीजलाई बुटवलको प्रस्ताव र कपिलवस्तु जेसिजको समर्थनमा अर्घाखाँची जेसिसको स्वीकृति प्रदान गर्न आवश्यक रहेको भन्दै अर्घाखाँची जेसीजका अध्यक्ष ओमहरि आचार्यलाई जेसीजको पिन हस्तान्तरण गरेका थिए । कार्यक्रमको उद्देश्यमाथि प्रकाश गर्दै बुटवल जेसीज वर्ष २०२४ का बिनोद घिमिरेले व्यक्तित्व, नेतृत्व र उद्यमशिलताको विकासका लागि जेसीज महत्वपूर्ण संस्था रहेको बताए । कार्यक्रममा सहभागीलाई स्वागत गर्दै सम्भावित अर्घाखाँची जेसीजका अध्यक्ष ओमहरि आचार्यले सुशासनसहितको समुन्नत अर्घाखाँची बनाउने अभियानका लागि जेसीज स्थापना गर्न लागेको भन्दै संस्थाको विकासका लागि सबैको सहयोगको खाँचो रहेको बताए ।

# कपिलवस्तुमा हज सचेतना कार्यक्रम




**अर्जुन बेल्बासे/मध्यान्ह**
कपिलवस्तु,११ मंसिर

कपिलवस्तुको कृष्णनगरमा नेपाल हज समितिको आयोजनामा हज सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य मंगलप्रसाद गुप्ताले हजको धार्मिक, सांस्कृतिक र सामाजिक महत्वबारे चर्चा गर्दै हज यात्रुलाई व्यवस्थित र सुरक्षित बनाउन यस्ता कार्यक्रमको आवश्यकता हुने बताए । कार्यक्रमलाई सम्बोधन गर्दै प्रतिनिधि सभा सदस्य सेराज अहम फारुकीले हज यात्रुहरूलाई स्वास्थ्य, भिसा प्रक्रिया, र यात्राका अन्य प्राविधिक पक्षमा सचेत रहन सचेतना कार्यक्रमले टेवा पुर्‍याउने जिकिर गरे ।

कार्यक्रममा मुस्लिम आयोगका सदस्य मिर्जा अर्सद बेगले हज यात्रामा अपनाउनुपर्ने स्वास्थ्य सुरक्षा र नियमबारे बताए । उनले हज यात्रासम्बन्धी आवश्यक तयारी, कागजात व्यवस्थापन, र साउदी अरेबियाका कानुनी व्यवस्थाबारे जानकारी दिए । प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले हज यात्रा सुरक्षित बनाउन यस्ता कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने बताए ।

हज यात्राको अवसर सबैलाई मिल्दैन हज यात्राको अवसर मिल्न सत्कर्म गर्नुपर्ने बताए । हाजी भएपछि सत्कर्मको भावना अझै बढ्नुपर्छ । भेदभाव र कुरूती-विसंगतिहरू हटाउन हजयात्रीहरूले अभियानकै रूपमा लाग्नुपर्ने उनले बताए । कृष्णनगर नगरपालिकाका नगरप्रमुख रजत प्रताप शाहले नगरपालिकास्तरमा हज गर्न जाने नगरका नागरिकलाई सचेतनाका कार्यक्रम सञ्चालन गर्ननगरपालिका तयार रहेको बताए । हज समितिका अध्यक्ष इश्रा मुल्लाह मियाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा युवानेता अकरम पठान र रहिस शाहलगायतका व्यक्तिहरूले कार्यक्रममा शुभकामना मन्तव्य राखेका थिए । अध्यक्ष मियाले हज समितिले यात्रुहरूको समस्याको समाधानका लागि सक्रिय भूमिका खेलिरहेको बताए । यस वर्ष साउदी सरकारले नेपाललाई हज यात्राका लागि १,२०० कोटा उपलब्ध गराएको छ ।

# टाइम्स अफ मधेशले गर्‍यो वतृत्वकला प्रतियोगिता



**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ११ मंसिर

रौतहटको पश्चिमी भेगमा पर्ने परोहा नगरपालिकामा रहेको श्री अन्होती लाल माध्यमिक विद्यालयमा टाइमस अफ मधेशद्वारा आयोजना गरिएको शिक्षाको महत्त्व विषयक वतृत्वकला प्रतियोगीता सम्पन्न भएको छ ।

परोहा नगरपालिका वडा नम्बर ६ मा रहेको श्री अन्होतीलाई माध्यमिक विद्यालयका कक्षा ८ देखि कक्षा १२ सम्मका छात्र, छात्राहरुको सहभागिता रहेको सो कार्यक्रमका अध्यक्षता विद्यालयका प्रधानाध्यापक यदुनी दासले गरेका थिए । कार्यक्रमको प्रमुख अतिथि परोहा नगरपालिकाका वडा नम्बर ६ बसन्तपट्टिका वडाध्यक्ष रामविलास जैसवार रहेका थिए ।

कृषक कृषि सहकारी संस्था लिमिटेड तथा सिद्वार्थ ट्रेडर्सको विशेष सहयोगमा आयोजना भएको उक्त वतृत्वकला प्रतियोगितामा विशिष्ट अतिथिका रुपमा पूर्व वडाध्यक्ष जितेन्द्र कुमार पटेक, वडाध्यक्ष प्रत्यासी युवा समाजसेवी, नेता अमित प्रसाद जयसवाल, ईलाका प्रहरी कार्यालय कोपवा पिपरीयाका इन्चार्ज रामअवध राय यादव, परोहा नगरपालिकाका शिक्षा विज्ञ सुदामा यादवल तथा अतिथिका रुपमा कृषक कृषि सहकारी संस्थाका अध्यक्ष विरु पटेल, वडा सदस्यका प्रतिनिधि हरचन हजरा लगायतको उपस्थिति रहेको थियो ।

विद्यालयका कक्षा ८ देखि कक्षा १२ सम्मका १८ जना विद्यार्थीहरु सहभागी भएका सो वतृत्वकला प्रतियोगितामा रौशनी कुमारी जयसवल प्रथम, सन्तोष महतो दोस्रो तथा दिपिका जयसवालले तेस्रो स्थान प्राप्त गरेकी छन् । वतृत्वकला प्रतियोगितामा प्रथम, दोस्रो तथा तेस्रो हुने विद्यार्थीहरुलाई डायरी र कलम तथा सहभागी सम्पूर्ण विद्यार्थीहरुलाई कपि, कलम विशिष्ट अतिथि अमित जयसवाल र सभा अध्यक्ष यदुनी दासले हस्तान्तरण गरेका थिए ।

**साउदी र युएईमा रोजगार**

१ कम्पनी: CADDELL CONSTRUCTION COMPANY DELLC — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०८/११ — चलानी नं.: ६०२२८६८५ — L.T. No.: 314324

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 20 | 0 | स. काममा दक्ष | 1000 | ३५,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२ कम्पनी: ESTABLISHMENT WARAKA ZEITOUN FOR FAST FOOD — शहर: JEDDAH
पूर्व स्वीकृत मितिः २०८१/०८/११ — चलानी नं.: ६०२२८६८४ — L.T. No.: 314322

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1300 | ४६,५९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३ कम्पनी: RIGHT CARE FOR HOME NURSING LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/१२/१० — चलानी नं.: ६०२१७१६० — L.T. No.: 302395 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Nurse | 0 | 15 | स. काममा दक्ष | 1500 | ५४,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १९ गते ( 4 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | क१,३ निःशुल्क क२ रु १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १०९/०५४/०५५

**Dynamic Sales & Services (P) Ltd.**
Post Box No. 2012, Basundhara, Kathmandu, Nepal
Phone: 00977-1- 4354614,4356831, 4356625, Fax: 00977-7- 4355570
E-mail: info@dssnepal.com, Website: www.dynamicmanpower.com

**Local Government**
## Uttargaya Rural Municipality
## Office of the Rural Municipal Executive
**Laharepauwa, Rasuwa**
**Bagmati Provinance, Nepal**

## Invitation for Bids

**Date of publication: 27-11-2024 00:00**

1. The Local Government has allocated funds towards the cost of Dhunge Basti Tatha Khalte Basti Samrakshyan Yojana 2081/82 and intends to apply part of the funds to cover eligible payments under the Contract for Dhunge Basti Tatha Khalte Basti Samrakshyan Yojana 2081/82 (Contract No: URM/NCB/WORKS/2081-082/3). Bidding is open to all eligible bidders as per Section V of Bidding Document.
2. Uttargaya Rural Municipality, Rasuwa invites electronic bids from eligible bidders for the construction of Dhunge Basti Tatha Khalte Basti Samrakshyan Yojana 2081/82 under National Competitive Bidding -Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding: Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 40500000 Minimum Work experience of similar size and nature: 9308000
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Uttargaya Rural Municipality, Rasuwa, Uttargaya-05, Laharepauwa, Rasuwa, Bagmati Province, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (upon payment of a non-refundable fee of 5000.0 NRs.) of bidding document in the Project's Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank : Himalayan Bank Ltd.**
   **Name of the Office : Uttargaya Rural Municipality, Rasuwa**
   **Office Code no : 80328501**
   **Office Account no : 04407741280019**
   **Rajaswa (revenue) Shirshak no : 14249**
6. Pre-bid meeting shall be held at Uttargaya Rural Municipality, Rasuwa Uttargaya-05 Laharepauwa, Rasuwa Bagmati Province Nepal at 11-12-2024 09:30 hours.
7. Electronic bids must be submitted to the office Uttargaya Rural Municipality, Rasuwa, Uttargaya-05, Laharepauwa, Rasuwa, Bagmati Province, Nepal by hand/courier or through PPMO's e-GP system www.bolpatra. gov.np/egp on or before 27-12-2024 12:00. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 27-12-2024 12:30 hours at the office of Uttargaya Rural Municipality, Rasuwa Uttargaya-05 Laharepauwa, Rasuwa Bagmati Province Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 6,75,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer.**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१२ मंसिर २०८१, बुधबार
27 November 2024, Wednesday

## सम्पादकीय

# निरकुंशताको बाटो

पार्टी नेतृत्वको आलोचना गरेको आरोपमा नेकपा एमालेले लुम्बिनी प्रदेशसभा सदस्य दुर्गा चौधरीलाई निलम्बन गरेको छ । चौधरीले गत ७ मंसिरको जागरणसभाबारे फरक मत राखेका थिए । सरकारकै नेतृत्व गरिरहेको एमालेले जागरणसभा भनेर सडक प्रदर्शन गर्दा राम्रो सन्देश नगएको टिप्पणी गरेपछि सांसद चौधरीलाई पार्टी सदस्यबाट निलम्बन गरिएको छ । पार्टीको कुनै पनि भूमिकामा नरहेकाले बाँके जिल्ला कमिटी सचिवालय बैठकले चौधरीलाई साधारण सदस्यबाट निलम्बन गर्ने निर्णय गरेको छ । चौधरी बाँके–१ (ख) बाट प्रत्यक्ष निर्वाचित सांसद हुन् । लीला गिरी मुख्यमन्त्री हुँदा उनलाई लुम्बिनीको मन्त्री बनाइएको थियो । तर, लुम्बिनीको मन्त्री पद र प्रदेश कमिटीको उपसचिव लगभग एउटै समयमा गएको थियो । त्यसपछि पार्टीका नेताहरूप्रति असन्तुष्ट चौधरीले अध्यक्ष केपी शर्मा ओली र महासचिव शंकर पोखरेलप्रति सार्वजनिक टिप्पणी गरेको आरोप लगाइएको छ ।

पूर्वमन्त्री एवं सांसद चौधरीलाई गरिएको निलम्बनको समस्या एउटा समझदारीमा पुग्न सकेन भने उनी सांसदबाट पदमुक्तसमेत हुन सक्छन् । संभवतः एमाले नेतृत्वको मुड त्यही दिशातर्फ उन्मुख देखिन्छ किनकि अध्यक्ष केपी शर्मा ओलीले आलोचकप्रति निर्मम व्यवहार गर्दै आएका छन् । गत महिना मात्र पार्टीको निर्णयमा फरक मत राखेको भन्दै स्थायी कमिटी सदस्य डा. बिन्दा पाण्डे र केन्द्रीय सदस्य उषाकिरण तिमल्सेनालाई स्पष्टीकरण सोधिएको थियो । विवादित ब्यापारी मीनबहादुर गुरुङबाट १ अर्ब रूपैयाँ बराबरको केन्द्रीय मुख्यालय दानमा लिने अध्यक्ष एवं प्रधानमन्त्री ओलीको निर्णयप्रति पाण्डे र तिमल्सेनाले फरक मत राखेका थिए, जसका कारण स्पष्टीकरण दिनुपरेको थियो । यद्यपि, सर्वोच्च अदालतले प्रधानमन्त्री ओलीलाई नै छलफलमा बोलाउँदै गुरुङबाट दान लिने कार्य तत्काललाई रोक्न आदेश दियो । सर्वोच्चको आदेशपछि पाण्डे र तिमल्सेनाको स्पष्टीकरण पनि यथास्थितिमा रोकिएको छ ।

